दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १४१ | बुटवल | २०८३ जेठ ०७ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday May 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

# खानेपानीमा लगाइएको कर र विद्युत् महसुल छुट गर्न माग




उपभोक्ता अधिकारवादीहरुले खानेपानीमा लगाइएको कर र विद्युत् महसुल छुटको माग गर्दै काठमाडौंको बबरमहलमा प्रदर्शन गरेका छन् । खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपाल (फेडवासन)को आयोजनामा प्रदर्शनका साथै सरकारलाई ध्यानाकर्षण गराइएको हो । उपभोक्ताहरुले सन् २०३० भित्र खानेपानीको सुनिश्चितता गर्न, साना खानेपानीलाई एकीकरण गरी वृहत् आयोजना सञ्चालन गराउन, उपभोक्ताहरुको अधिकार सुनिश्चित गर्न, खोला, कुला र पोखरीको संरक्षण गर्न र वृक्षारोपण गर्न पनि ध्यानाकर्षण गराएका छन् ।

## सहकारी पीडितलाई फिर्ता गर्ने पैसाको स्रोत के हो ?



बुटवल । श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज साम्पाङ राईले सरकारले सहकारी पीडितलाई फिर्ता गर्न खोजेको पैसाको स्रोत खोजेका छन् ।

संसद् बैठकमा उनले सरकारले अपारदर्शी ढंगले सहकारी पीडितको पैसा फिर्ता गर्न खोजेको भन्दै साम्पाङले विरोध गरे । उनले संसद्मा बारम्बार प्रश्न गर्दा पनि प्रधानमन्त्री र मन्त्रीहरू संसद् बैठकमा उपस्थित नभएको बताए ।

'सरकारले सहकारी पीडितलाई फिर्ता गर्न चाहेको पैसाको स्रोत केहो ? सुकुम्वासी समस्याको व्यवस्थापना कसरी गर्न चाहेको हो,' उनले प्रश्न गरे-'मन्त्रीहरू संसद् बैठकमा आएनन् । यो संसद्प्रति सरकार जिम्मेवार हुँनै पर्छ। जनताको प्रश्न राख्ने सदन हो यो । सरकारका मान्छेहरूलाई प्रश्न सोध्न पाइयोस् ।' उनले सरकारले सदनप्रति जवाफदेही नभएको र संसदीय मर्यादा कायम नगरेको आरोप लगाए ।

बैठक सुरु हुनासाथ श्रम संस्कृति पार्टीका सांसदले प्लेकार्ड देखाउँदै विरोध गरेका थिए । त्यसपछि मात्रै सभामुख डोलप्रसाद अर्यालले साम्पाङलाई दुई मिनेटमा आफ्ना भनाइ राख्न समय दिएका थिए ।

उनले श्रम संस्कृति पार्टीका सांसदलाई प्रतिनिधिसभाको मर्यादा कायम राख्न आग्रह गरे । नियमावली सम्झाउँदै उनले भने-'हर्कराज राईसहित श्रम संस्कृति पार्टीका माननीयहरूलाई नियमित रूपमा प्लेकार्ड देखाउने काम नगर्न म चेतावनी दिन्छु ।'

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले संसद्प्रति सरकार जवाफदेही नभएको भन्दै आलोचना गरे । प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्रीदेखि मन्त्रीहरूलाई सदनमा अनिवार्य आउन रुलिङको माग गरे ।

उनले भने- 'हामीले बारम्बार प्रश्न उठाएका छौँ, हाम्रो आफ्नो व्यक्तिगत प्रश्न नभएर जनताका प्रश्नहरू हामीले सरकारका सम्बन्धित मन्त्रीहरूलाई सोध्न चाहेका छौँ । सीमानाको कुरादेखि लिएर महँगी नियन्त्रण, सहकारी पीडितलाई फिर्ता गर्दै गरेको पैसाको स्रोतलगायतको विषयमा हामीले थुप्रै प्रश्न राख्न खोजेका छौँ ।' उनले आफूहरूले सुकुम्वासी व्यवस्थापनसँग सम्बन्धित प्रश्न गर्न चाहेको बताए ।

उनले थपे-'सम्बन्धित मन्त्रीहरू सदनमा आउँदै नआउने, नीति तथा कार्यक्रम प्रस्तुत गर्दा पनि नआउने, छलफलमा पनि नआउने, हाम्रो नियमावलीको १५ को २, नियमावली १५ को उपनियम २ लागू भएको देखिँदैन । यो संसद्प्रति सरकार जवाफदेही हुनैपर्छ, जनताप्रति सरकार जवाफदेही हुनैपर्छ, बन्नैपर्छ । यहाँले कडा तरिकाले रुलिङ गर्नुपर्छ । कर्तव्यदेखि भाग्ने उहाँहरूको चलन छ, यसप्रति हाम्रो घोर आपत्ति छ ।'

## गगन थापाको नेतृत्वमा अघि बढौं : यादव



बुटवल । नेपाली कांग्रेसका केन्द्रीय सदस्य महेन्द्र यादवले विशेष महाधिवेशनका विपक्षमा रहेका सबैलाई सभापति गगन थापाको नेतृत्वमा अघि बढ्न आग्रह गरेका छन् ।

पूर्व सहमहामन्त्री समेत रहेका यादवले पार्टीमा यो भेला र त्यो भेला गर्न आवश्यक नरहेको बताएका हुन् । महोत्तरीको बर्दिवासमा आयोजित दुईदिने प्रदेशस्तरीय कार्यक्रममा यादवले पुरै मधेस एक ढिक्का भएर क्रियाशील सदस्यता अद्यावधिक गर्न लाग्नुपर्ने बताए ।

'पार्टीभित्र अब यो भेला त्यो भेला भनेर अनेक कुरामा लागेर हुन्न । अब विशेष महाधिवेशनमा सहभागी नभएका हामी अरु जो थियौं, ती सबैले गगन थापालाई सभापति मानेर अघि बढौं ।'- यादवले भने ।

» बाँकी ३ पेजमा

## संवेदनशील निकायका पदाधिकारी बर्खास्त गलत : आङ्देम्बे

बुटवल । नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले विभिन्न संवेदनशील निकायहरूमा पदाधिकारीहरूलाई बर्खास्त गरेर 'संस्थागत रिक्तता' सिर्जना गरेको बताएका छन् । प्रतिनिधि सभाको बैठकमा नेता आङ्देम्बेले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा देखिएको रिक्तताले सङ्क्रमणकालीन न्याय प्रक्रियालाई थप अन्योलमा पारेको बताए ।

आङ्देम्बेले सरकारले राजनीतिक भागबन्डाको आरोप लगाउँदै सारा संस्थाहरू खाली गर्ने रणनीति लिएको र त्यसमा कुनै संवेदनशील संस्था पनि भएको बताए र त्यसलाई पूर्णता दिन सरकारले चासो नदिएको उनको भनाइ छ । 'द्वन्द्वपीडितहरूको न्यायको पर्खाइ र दीर्घकालीन सङ्घर्ष निकै लम्बिएको छ,' आङ्देम्बेले भने-'यस्तो अवस्थामा टीआरसी र बेपत्ता आयोगलाई सक्षम र निष्पक्ष व्यक्तिहरू नियुक्त गरेर तत्काल सक्रिय बनाउनु सरकारको प्राथमिक जिम्मेवारी हो ।'

विस्तृत शान्ति सम्झौता भएको दुई दशक बितिसक्दा पनि पीडितहरूले न्याय नपाउनु विडम्बनापूर्ण रहेको उल्लेख गर्दै उनले यस विषयमा अन्तर्राष्ट्रिय जगतको समेत गहिरो चासो रहेको बताए । आगामी जुन महिनामा सङ्क्रमणकालीन न्यायको वस्तुस्थिति बुझ्न संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक बर्नार्ड दुहाइमले नेपाल भ्रमण गर्न लागेको जानकारी सदनमा बताए ।

नेता आङ्देम्बेले कानुनी जटिलताका बारेमा बोल्दै सन् २०२४ मा गरिएको टीआरसी ऐनको तेस्रो संशोधनले मात्रै सबै कमजोरीहरू हल नगरेको दाबी गरे । 'सर्वोच्च अदालतको फैसला, विस्तृत शान्ति सम्झौता र अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउन अझै धेरै कानुनी छिद्रहरू बाँकी छन्,' उनले भने-'नयाँ पदाधिकारीहरू नियुक्ति गर्नुअघि नै ऐनको चौथो संशोधन गरेर ती कमजोरीहरू सुधार्न सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु ।'

प्रतिनिधिसभा बैठक :

## सुकुम्वासीमाथि अमानवीय हमला, डोजर आतंक बन्द गर्न माग

बुटवल । प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा सांसदहरूले सुकुम्वासी समस्या, सडक सुरक्षा तथा सामाजिक समावेशितालगायत विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

नेकपा एमालेले विस्थापित सुकुम्वासीबारे सरकारले गरेको निर्णयप्रति आपत्ति जनाएको छ । प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद गुरु बरालले विस्थापित सुकुम्वासीलाई २५ हजार एकमुष्ट दिने र बासको व्यवस्था आफैँ गर्नुपर्ने निर्णय त्रुटिपूर्ण भएको बताए ।

उनले भने-'सरकारले बिना तयारी सुकुमबासीहरूलाई आफ्ना बसोबास गरिरहेका ठाउँबाट बाहिर निकालेको छ । अनि सरकार भन्छ, यो जेठ, असार र साउन ३ महिना १५-१५ हजार रुपैयाँ पाउने छौ, यसको अर्थ एक दिनको १०० रूपैयाँले कसरी एउटा परिवार काठमाडौंको आसपासमा बाँच्न सक्छ ? यो सुकुमबासी माथि गरिएको अत्यन्त ठूलो अमानवीय हमला हो ।'

उनले सुकुम्वासीहरू बसिरहेको ठाउँ नै अस्थायी भएकाले २५ हजार दिनुको अर्थ नभएको बताए । उनले थपे-'अस्थायी बसोबास त उनीहरू जहाँ बसेका थिए त्यहीँ थियो । स्थायी प्रबन्धका लागि अब सरकारले नयाँ व्यवस्था गर्नुपर्नेमा उसले अहिले जबर्जस्ती त्यहाँ बसोबास, अस्थायी बसोबास गरिरहेको ठाउँबाट बाहिर निकालेको छ । होल्डिङ सेन्टरहरूमा अत्यन्त अमानवीय ढङ्गले उनीहरू बाँचिरहेका छन् । सुत्केरी महिलाको कुपोषणको सिकार भएका छन्, युवाहरूलाई मानसिक स्वास्थ्यको समस्या भएको छ, बालबालिका विद्यालय जानबाट वञ्चित भएका छन् । उच्च शिक्षा हासिल गर्ने युवाहरू पनि अत्यन्त अप्ठ्यारोमा छन् ।'

सांसद साजिदा खातुन सिद्धिकीले मुलुकमा सडक दुर्घटनाका घटना बढ्दै गएको भन्दै सडक सुरक्षामा विशेष ध्यान दिन आवश्यक रहेको बताए । उनले सडक सुधार तथा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सरकारलाई आग्रह गरे । सत्तारुढ रास्वपाका सांसद भरत पराजुलीले डोजर आतंक बन्द गर्न सरकारसँग माग गरेका छन् ।

बुधबार प्रतिनिधिसभा बैठकको शून्य समयमा आफ्ना धारणा राख्दै उनले सिन्धुपाल्चोककोफ अरनिको राजमार्गको दोलालघाट, सुकुटे, बलेफी, अँधेरी, खाडीचौर, लामोसाँघु, बाह्रबिसे र तातोपानी क्षेत्रमा डोजर आतंक सिर्जना भएको भन्दै त्यसलाई बन्द गर्न सरकारको ध्यानाकर्षण गराएका हुन् ।

उनले हाल स्थानीय तहले संघीय सरकारको निर्देशन भन्दै डोजर आतंक सिर्जना गरी नागरिकलाई त्रसित बनाएको भन्दै सांसद पराजुलीले डोजर आतंक बन्द गरिनुपर्नेमा जोड दिए ।

नेकपा एमालेकी सांसद एशुदाकुमारी बरालले सत्तारुढ दलका सांसदहरूले पुराना दलप्रति अमानवीय र अशिष्ट व्यवहार गरेको भन्दै आपत्ति जनाएकी छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद बरालले सदनमा पुराना दललाई लक्षित गर्दै बारम्बार अशिष्ट र अमानवीय अभिव्यक्ति प्रयोग भइरहेको बताइन् ।

» बाँकी ३ पेजमा

## रूपन्देहीमा प्रदेशस्तरीय 'सीप च्याम्पियनसीप'

कार्यक्रममा प्रदेशका १२ जिल्लाबाट करिब एक हजार विद्यार्थी तथा युवाको सहभागिता रहने आयोजकको दाबी छ ।



बुटवल । युवालाई प्राविधिक शिक्षा, सीप विकास र रोजगारीसँग जोड्ने उद्देश्यसहित रुपन्देहीको तिलोत्तमामा लुम्बिनी सीप च्याम्पियनसीप आयोजना हुने भएको छ ।

उद्योग तथा व्यवसाय क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको माग बढ्दै गए पनि बजारमा उपलब्ध जनशक्तिको सीपबिच असन्तुलन रहेको हुँदा युवालाई माग अनुसारका प्राविधिक शिक्षा, सीप विकास तथा रोजगारमुखी तालिमप्रति आकर्षित गर्न जेठ ८ गते 'सीप च्याम्पियनसीप' हुन लागेको हो ।

आयोजक रुपन्देही उद्योग संघले बुधबार पत्रकार सम्मेलन गरी कार्यक्रममा प्रदेशका १२ जिल्लाबाट करिब एक हजार विद्यार्थी तथा युवाको सहभागिता रहने जानकारी गराएको छ ।

कार्यक्रममा स्थानीय कला प्रदर्शन, सूचना प्रविधि, अटोमोबाइल इञ्जिनियरिङ तथा होटल व्यवस्थापन विषयमा अध्ययनरत प्रशिक्षार्थीबिच प्रत्यक्ष सीप प्रतियोगिता, करियर काउन्सिलिङ, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी जानकारी, उद्योग तथा नवप्रवर्तन प्रदर्शनी, प्यानल छलफल, उत्कृष्ट प्रशिक्षार्थी, शिक्षालय तथा उद्योगहरुलाई पुरस्कार तथा सम्मान गरिने संघका अध्यक्ष कृष्ण पराजुलीले बताए ।

त्यस्तै, कक्षा ९ र १० का विद्यार्थीले तयार गरेका उद्यमशीलता चुनौती परियोजनाको प्रदर्शनी पनि गरिनेछ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको वर्तमान अवस्था, चुनौती र अवसरका विषयमा विशेष प्यानल छलफल हुनेछ ।

पत्रकार सम्मेलनमा इन्स्योर परियोजनाका अम्बिकाप्रसाद तिमिल्सिनाले लुम्बिनी प्रदेश औद्योगिक र व्यवसायिक हब भएको तर रोजगारदाता तथा रोजगारी खोजिरहेका युवाबीच प्रभावकारी समन्वयको आवश्यकता रहेकाले कार्यक्रम आयोजना गरिएको बताए ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# सकारात्मक पहलकदमी

लुम्बिनी सांस्कृतिक नगरपालिकाकी कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले सार्वजनिक पोखरी अतिक्रमण गरी बनाएको आफ्नै घर भत्काएर सरकारी जग्गा संरक्षण गर्ने अभियानको सुरुवात गर्नु सकारात्मक छ । राजनैतिक नेता र पहुँचवाला कार्यकर्ताका कारण अतिक्रमण हटाउन समस्या भइरहेको बेला कार्यबहाक प्रमुख हरिजनको यो काम उदाहरणीय छ। कार्यबहाक प्रमुखले गरेको यो कामले अब सार्वजनिक अतिक्रमण हटाउन नगरपालिकालाई सहज हुनेछ।

लुम्बिनी-१, खुनगाईमा उनको सगोलको परिवार बस्छ। यहाँ सार्वजनिक पोखरी अतिक्रमण गरी उनीसहित केही परिवार बस्दै आएका छन्। परिवारका सदस्यलाई समेत सहमत गराएर अतिक्रमण हटाउने काम आफैँबाट हुनुको अर्थपूर्ण सन्देश छ।

सार्वजनिक सडक, ताल, पोखरी, नहर र कुलोलगायतका सरकारी जग्गा संरक्षण गर्न लुम्बिनी सांस्कृतिक नगरपालिकाले सूचना प्रकाशित गरेपछि कार्यवाहक नगर प्रमुख हरिजनप्रति प्रश्न उठ्यो। त्यसपछि ससुरा रामलखन र जेठाजु अरबिन्द हरिजनसहित सगोलमा बस्दै आएकी उनले घरपछाडि पोखरी अतिक्रमण गरी २०७७ मा बनाएको १४ फुट वाइ ९ फुट लम्बाइ-चौडाइको पक्की संरचना भत्काउन लगाएकी हुन् । सार्वजनिक जीवनमा प्रश्न उठेपछि त्यसको जवाफदेहिता हुन्छ। उनी जवाफदेही बनेकी छन्। कानुन सबैलाई लाग्छ भन्ने सन्देश दिएकी छिन्। उनको यो कामपछि पोखरीको जग्गा १०/१२ जनाले अतिक्रमण गरेकामा ५/६ जनाले छाडेका छन् । बाँकीले छाड्न समय मागेका छन् । वडा नं. १ मा मात्र १९ वटा सरकारी पोखरी छन् । जुन केही अतिक्रमणमा परेका छन् ।

पहिलो चरणमा घरजग्गा भएका र हुने खानेले कब्जा गरेको सरकारी जग्गा खाली गराएर संरक्षणमा लाग्ने योजना नगरपालिकाले बनाएको छ। नगरपालिकाले गरिब, विपन्न, वास्तविक सुकुम्वासी र अव्यवस्थित बासोवासी छुट्याएको छ । समस्यामा परेकालाई तत्काल केही नगर्ने पनि नगरपालिकाको योजना सकारात्मक छ । समस्यामा रहेकालाई पुनःस्थापनाको योजना बनाएर अतिक्रमण हटाउने योजना अरुका लागि पनि अनुकरणीय छ।

अहिले देशभर अतिक्रण हटाउने अभियान चलेको छ। स्थानीय तहले नै हो, सार्वजनिक ताल पोखरी र सडकको अतिक्रमण हटाउने। स्थानीय तहको काममा संघीय सरकारको साथ आवश्यक छ । अतिक्रमण हटाउँदा काठमाडौंमा भएजस्तो अमानवीय क्रियाकलाप बन्द हुनुपर्छ । नागरिकलाई सहमत गराएर नै अतिक्रमण हटाउन सकिन्छ । अतिक्रमण हटाउन नागरिक नै सहमत भएपछि क्षति कम हुन्छ । समस्यामा परेका परिवारलाई वैकल्पिक व्यवस्थापन नहुँदासम्म अलपत्र हुने गरी अतिक्रमण हटाउँदा झन धेरै समस्या हुने काठमाडौँको घटनाबाट सिक्नुपर्छ ।

# फेरिँदै राजनीतिको परिभाषा



गोपीनाथ मैनाली

भाषा, संस्कृति, कला, विद्वत्ताले सामाजिक संकेत टिप्न जसरी सघाउँछन्, नतिजामा पुऱ्याउन त्यसरी नै सक्दैनन्। त्यसका लागि सचेत कार्य चाहिन्छ। प्रचारमुखी काम होइन, काम सिर्जना गर्ने काम चाहिन्छ। नयाँका नाममा संस्था र स्वाभिमानका मूल्य भत्किएलान् कि भन्ने भय छ, परिपक्वता चाहिन्छ। अनि मात्र उनीहरूलाई हेर्न आएको दर्शकको भिड र तालीको गडगडाहटले स्थायित्व पाउँछ, त्यो पनि निरन्तर प्रवर्तनकारितासाथ काम गरेपछि मात्र।

परिवर्तन प्रकृतिको रीत हो। सामाजिक चेतनाले मानिसलाई प्रकृतिभन्दा पनि पर गएर परिवर्तनको चाहचेतमा पुऱ्याउँछ। राजनीति अपेक्षाको व्यापार हो। मानवीय अपेक्षाले राजनीतिलाई परिवर्तनको सीमापर पुग भन्छ। जसले नागरिक अपेक्षाको संकेत टिपे, ती राजनीतिमा टिके, संकेत ठम्याउन र टिप्न जो पछि परे, ती राजनीतिबाट पनि पछि परे। समयको गतिमा गतावधिक भए।

राजनीतिलाई दार्शनिक प्लेटोले मानवीय सद्गुण र सामाजिक न्याय प्राप्त गर्ने कला भनेका थिए। उनले कल्पना गरेको दार्शनिक राजा (नेता) आदर्श थियो। झन्डै २५ सय वर्षपछि राजनीति र राजनेताका आधारभूत मूल्य नफेरिए पनि अपेक्षा र तिनलाई पूरा गर्ने शैलीस्वरूप फेरिएको छ। शासकीय संस्थाहरूमा विश्वास बढाउनुपर्ने चुनौती बेस्सरी थपिएको छ। नेतृत्व आदर्श भएन भने संस्था विश्वासिला बन्दैनन्, शासन सेवामा पुग्दैन। तर, मेकियावेली राजनीति आदर्शले होइन, वास्तविकताले चल्छ भन्छन्। लक्ष्य हुनुपर्छ र त्यसलाई प्राप्त गर्न राज्य सबल हुनुपर्छ भन्नेमा दुवै दार्शनिक एकमतमा छन्।

परम्परागत राजनीति शक्ति र कानुनको खेल हो। नागरिकहरू निर्वाचनको दिन मतदान गर्छन्, सक्रिय मताधिकार गर्ने अवस्थमा पुग्दैनन्। अझ कतिपय त बाध्यात्मक विकल्पमा मत दिन्छन्। प्रतिनिधित्व गर्ने र गरिने विषयमा फासला हुन्छ। निर्वाचक-निर्वाचित सम्बन्ध दाताग्राहीको जस्तो देखिन्छ। परिवार, विरासत, शक्तिसोपानबाट प्रभावित राजनीतिको यो सामान्य चरित्र हो। निर्वाचक निर्वाचनको दिनमा मात्र सार्वभौम बन्ने प्रवृत्तिले लोकतन्त्रका लाभ जनतासामु कहिल्यै पुगेनन्। उम्मेदवारले आशा र अपेक्षाको व्यापार गर्नु र सर्वसाधारण प्रतीक्षामा रहनुको विकल्प थिएन। नेतृत्व गताविधक तर नागरिक चेतना उपल्लो भएपछि राजनीति उही रूपमा रहने भएन। राजनीति जनस्तरमा नओर्लिए लोकतन्त्रको के अर्थ ? ममदानी, बालेन र थलापतिको चुनावी अभियानले अबका दिनमा राजनीतिको परिभाषा फेरिने संकेत देखाएको छ। राजनीति जहिले पनि नवीन विषय हो र सर्वसाधारणका विषय जहिले पनि बाँकी हुन्छन् भन्ने देखिन थालेको छ।

गत वर्ष न्युयोर्कका मेयर उम्मेदवार जोहरान ममदानी चुनावी अभियानमा 'भविष्य हाम्रै हातमा छ' भन्दै निर्वाचनका मुद्दा र निर्वाचन अभियानमा नितान्त बेग्लै ढंगबाट प्रस्तुत भए। त्यो सर्वसाधारणको मन जित्ने रणनीति थियो। केही वर्षअघि एन्ड्र्यु योङले युवा र मध्यम वर्गको आवश्यकता पूरा गर्न आधारभूत आयसमेत व्यवस्था गर्ने रणनीतिसाथ राष्ट्रपतिको उम्मेदवारी दिए पनि प्राइमरीमाथि पुग्न सकेनन्। परिमार्जित रणनीतिमा राजनीति विरासतबाट होइन, जीविकाको सवालबाट हुन्छ भन्ने मान्यतासाथ ममदानीले चुनावी अभियान सुरु गरे। उनले नयाँ मुद्दा र नयाँ पहिचानका लागि नयाँ नेतृत्व र नयाँ शैली चाहिन्छ भन्ने साबित गरिदिए। विश्व पुँजीवादको राजधानीको मेयरमा एसियाली मूलका मुस्लिम उम्मेदवारले जित्न सजिलो थिएन। आप्रवासी संघर्ष, दैनिकीका समस्या र कठिन जीवनप्रणालीलाई उनले बुझेका थिए। यो बुझाइ बनाउन आमाको फिल्मी व्यक्तित्व, बुबाको बौद्धिकता, श्रीमतीको कलाकारिता र आफ्नै च्यापर 'कार्डोमम' र लेखकीय व्यक्तित्वले सघाएको थियो। राजनीति विरासत र शास्त्रीयताबाट हुँदैन भन्ने सावित गरेका ममदानी सेलिब्रेटी विरासतबाट भने मुक्त थिएनन्। आमा मीरा नायर मिसिसिपी मसला, मनसुन मेरिज र कामसूत्रजस्ता चर्चित चलचित्रकी निर्मात्री थिइन्। 'एउटा यस्तो दिन, जुन इतिहासमा विरलै आउँछ, जब हामी पुरानोबाट नयाँमा पाइला हाल्छौँ, एउटा युग समाप्त हुन्छ र लामो समयदेखि दबिएको राष्ट्रको आत्माले बोली पाउँछ' भन्ने जवाहरलाल नेहरूको शताब्दीअघिको बोलीलाई ममदानीले ३३ वर्षे युवावस्थामै व्यवहारमा उतारिदिए। उनले भने 'म केही बन्छु भनेर चुनावमा आइनँ, केही गर्छु भनेर आएँ' जनताले पत्याए, हुन्छ भनिदिए।

राजनीतिक सामाजिक बेथितिविरुद्ध अभिनायक बनेका विजय थलापति २०२१ बाट सुरु भएको उनको 'फ्यान क्लब' बिएमआई (विजय मक्कल एक्कम)को तामिल पहिचानको अभियान २०२६ मा आइपुग्दा टिसिभीके (तामिलगा भेट्री कजगम) बन्यो र अभिनयमा सामाजिक न्यायको मुद्दा उठाउँदै वास्तविक जीवनमा पनि त्यही विषयको नेतृत्वमा पुगे थलापति। फिल्मका 'ब्लकबस्टर' अभिनेता राजनीतिको पहिलो प्रदर्शनमै 'ब्लकबस्टर' बने।

थलापतिको चुनावले राजनीतिमा केही नयाँ कुराको संकेत गर्छ। जनभावना जित्न चुनावी रणनीति चाहिन्छ भनी उनले रणनीतिकार प्रशान्त किशोरलाई उपयोग गरेका थिए। प्रशान्त तिनै थिए, जो आफैँ भने चुनावमा असफल रहे, तर २०१४ मा मोदी र २०२१ मा ममता बनर्जीलाई जिताउने अभियानका रणनीतिकार थिए उनी। कुनै रणनीतिकारको कारणले मात्र चुनाव जितिने होइन, तर सामाजिक मुद्दालाई चुनावी कलेवर दिई मतदाताको भावनामा लपेट्न भने खास रणनीति चाहिन्छ भन्ने देखिएको छ। यसले शास्त्रीय राजनीतिको संस्थापनलाई तिमीहरू गतावधिक भयौँ भन्ने सन्देश दिएको छ। थलापतिले आफ्ना दर्शकलाई आफ्नै मतदाता बनाए। प्रदर्शन हुन लागेको चलचित्र जननायगनलाई सरकारले प्रतिबन्ध लगाएपछि थलापतिको राजनीतिक स्केल ह्वात्तै बढ्यो, प्रतिपक्षी नेता राहुल गान्धीले सामाजिक सञ्जालमार्फत यसको पक्षमा गरिएको प्रतिक्रिया पनि त्यसको एउटा कारण थियो। चुनाव चिह्न सिट्ठी, प्रचारमा सामान्य पहिरन, फिल्मी शैलीको डबल बडी उपयोग र फ्यान ग्रुपको सामाजिक सञ्जाल परिचालन सबै चुनावी रणनीतिका नवप्रयोग थिए। चुनावी अभियान आफैँमा सामाजिक आन्दोलन बन्यो, उनको उम्मेदवारी धेरै युवाको मतदानको कारण बन्यो। यसअघिका एमजी रामचन्द्रनन र जयललिता पनि आफ्नो अवधिमा प्रिय नै थिए, तर उनीहरूले उठाएका चुनावी मुद्दा र शैली थोत्रा भइसकेका थिए। राजनीतिमा ताजा सुरुवातको खास अर्थ हुन्छ भन्ने मज्जाले पुष्टि भयो।

रंग र कला क्षेत्रका सेलिब्रेटीहरू राजनीतिमा तहल्कासाथ प्रवेश भएका कैयन उदाहरण भए पनि दुवैतिर 'ब्लकबस्टर' भएका उदाहरण थोरै छन्। पप संस्कृतिका आइकन विख्यात लेखक विन्स्टन चर्चिल दुवैतिर सफल मानिन्छन्। उनी विश्वकै प्रभावशाली प्रधानमन्त्री बने। उनी नोवेल पुरस्कारविजेता साहित्यकार पनि हुन्। अमेरिकाका ४०औँ राष्ट्रपति रोनाल्ड रेगन हलिउडका चर्चित अभिनेता थिए।

उनले राजनीतिमा पनि 'रेगन एरा' स्थापित गरे, उनको विचार 'रेगनोमिक्स' बन्यो। इन्स्टाग्राम युगका पहिलो प्रधानमन्त्री जस्टिन ट्रुडो क्यानडाका सेलिब्रेटी पहिचानमा थिए। बबी वाइनबाट परिचित युगान्डाका पपस्टार क्यागुलानी सेन्टामु प्रधानमन्त्री बने। क्रुज गायक मेडिया टाइकुन सिल्भिओ बुर्लोन्स्की इटालीमा तीनपटक प्रधानमन्त्री बने। क्रिकेट स्टार इमरान खानले पाकिस्तानी अधिनायकीलाई जेलबाटै हल्लाइदिए। टेलिभिजनमा राष्ट्रपतिको अभिनय गर्ने भोलोदिमिर जेलेन्स्की युक्रेनका वास्तविक राष्ट्रपति बने, अपरिपक्व तर साहसी कामले अहिले पनि सर्वाधिक चर्चामा छन्, उनी।

भिडलाई सधैँ भोटमा बदल्न सकिन्छ भन्ने पनि होइन, दर्शक कमाएर मत नकमाएका उदाहरण शिवाजी गणेशन हुन्। सधैँ दर्शकको मन जित्नेले राजनीतिक 'प्लेटफार्म' जित्छन् भन्ने पनि होइन, बलिउड महानायक अमिताभ बच्चन चुनाव जितेर पनि राजनीति हारे, बुझे राजीनामा दिए। सेलिब्रेटीको अनुहार निश्चित अवधिसम्म मात्र चम्किलो हुन्छ, जसले दृष्टिकोण, सामाजिक मुद्दा र कलाकारिता एकसाथ संयोजन गर्न सके ती भने कलामा जसरी नै राजनीतिका पनि 'सुपरस्टार' बने, फिल्मजस्तै राजनीतिक अभियान पनि ब्लकबस्टर बन्यो। पछिल्ला समयमा प्रतिरोधी स्वरका छवि बनाएकाहरूले पर्दामा जस्तै वास्तविकतामा पनि समाज बोक्न सक्छन् भन्ने स्थापित हुँदैछ। इतिहास बनाउनेहरू इतिहास दोहोऱ्याउँदैनन्, तोडेर ताजा सुरुवात गर्छन् भन्ने देखिएको छ। ममदानी, बालेन र थलापतिको साझापन यही हो।

ममदानीले विरासत विषयान्तर मध्यमवर्गीय युवाको दैनिकीका स्वरहरू उठाए। न्युयोर्कलाई मध्यमवर्ग बस्नसक्ने सहर बनाउने दृष्टिकोण राखे। 'ट्रिस्ट टु डेस्टिनी'को शताब्दीपछिको रूप किनाराकृत स्वरबाट राष्ट्रको आत्मा बन्यो। बालेनको च्यापले बेथितिविरुद्धको आक्रमण बोल्यो, तर त्यसको विस्तृति चुनावी अभियानमा देखियो। राजनीतिमा नयाँ मुद्दा जहिले पनि छन् र तिनलाई उठाएर जनतासामु पुऱ्याएर विश्वास जित्न बाँकी छ भन्ने थलापति सामाजिकताको पहिचान स्थापित गर्ने अभियानमा देखिए। ममदानी, बालेन र थलापतिले प्रतिरोधी स्वरलाई एकट्ठा गरेका हुन्। 'लाइमलाइट'को छविले प्रतिरोधी स्वर उठाउन बेस्सरी सघायो। निजत्वको आनन्द, सामाजिकता र भावनाको संयोजनले सर्वसाधारणले विश्वास गरे। अझै नदेखिएको कुरा के हो भने राजनीति जनस्तरमा पुगेको छैन। हिजोका 'नेपोबेबी'हरू तथा सम्भ्रान्तहरूकै पकडमा राजनीति जाने प्रवृत्ति देखिएको छ। सर्बसाधारण तहबाट आफ्ना आवाज उठाउन पनि अर्को वर्गको सहारा कहिलेसम्म लिनुपर्ने हो ?

सर्वसाधारणको मन जित्दैमा राजनीतिमै आउनुपर्छ भन्ने पनि होइन। यस्ता कैयौँ उदाहरण छन्, जसको कर्म नै अभियान बनेको छ, जसले पेसाको अर्थ र आयतन बढाएका छन्, तर राजनीतिको विभाजनमा भन्दा सम्पूर्णताको परिचायक बने र राजनीति बदल्न सबैको सिम्बोल बने। गत साल अस्ताएका आसामी अभियन्ता जुबिन गर्ग सबै आसामी र उल्फा विद्रोहीको समेत साझा स्वर थिए। विचारक, स्रष्टा, कलाकार, खेलाडी, कन्टेन्ट निर्माता, आविष्कारक, व्यवसायी, कृषक, प्रशासक र उद्यमीहरू आ-आफ्ना कर्मबाट जनभावनालाई राजकीय प्रक्रियामा जोडिरहेका छन्। उनीहरूको अभियानले राजनीतिको परिभाषा र स्वरूप फेरिँदै गएको छ।

राजनीति र परिभाषाहरू परिवर्तनको चाहचेतका साथ गतिशील प्रवेगमा रहन्छन्। भाषा, संस्कृति, कला, विद्वत्ताले सामाजिक संकेत टिप्न जसरी सघाउँछन्, नतिजामा पुऱ्याउन त्यसरी नै सक्दैनन्। त्यसका लागि सचेत कार्य चाहिन्छ। प्रचारमुखी काम होइन, काम सिर्जना गर्ने काम चाहिन्छ। नयाँका नाममा संस्था र स्वाभिमानका मूल्य भत्किएलान् कि भन्ने भय छ, परिपक्वता चाहिन्छ। अनि मात्र उनीहरूलाई हेर्न आएको दर्शकको भिड र तालीको गडगडाहटले स्थायित्व पाउँछ, त्यो पनि निरन्तर प्रवर्तनकारितासाथ काम गरेपछि मात्र।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचकमा ३० अङ्कको वृद्धि



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार भने उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३० दशमलव शून्य आठ अङ्कले उकालो लागेर दुई हजार ७५४ दशमलव ४८ मा पुगेको छ। यो एक दशमलव १० प्रतिशतको वृद्धि हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६८ अङ्कले उकालो लागेर ४७१ दशमलव शून्य छ मा पुगेको छ। कूल ३४६ कम्पनीको एक करोड छ लाख ६१ हजार ४७६ कित्ता शेयर रु तीन अर्ब ८२ करोड आठ लाख ९६ हजार ९६६ मूल्यमा खरिद बिक्री भयो।

कारोबारका आधारमा कर्पोरेट डेभलपमेन्ट बैंक शीर्ष स्थानमा रहेको छ। यस्तै, आँखु खोला हाइड्रोपावर, अपि पावर कम्पनी, रिडी पावर कम्पनी र नेशनल हाइड्रोपावर शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

यस्तै, अप्पर लोहोरे खोला हाइड्रोपावर, माउण्टेन हाइड्रोपावर, बुङ्गल हाइड्रोपावर, शिखर पावर डेभलपमेन्ट र सिटी होटलका लगानीकर्ताले आज सर्वाधिक कमाएका छन्। त्यस्तै, कर्पोरेट डेभलपमेन्ट बैंक, एसबिएल डिवेञ्चर, प्राइम डिवेञ्चर, बोटलर्स नेपाल बालाजु र नेपाल एसबिआई बैंक डिवेञ्चरका लगानीकर्ताले भने सर्वाधिक गुमाएका छन्। कारोबार भएकामध्ये कूल २४८ कम्पनीको शेयर मूल्य बढ्दा, २१ कम्पनीको भने घटेका छन्।

# आँपको पात स्वास्थ्यका लागि निकै उपयोगी



फलफूलको राजा आँप विभिन्न जातका कारण विश्वभर परिचित छ। स्वादिलो हुनुका साथै स्वस्थ्य पनि हुन्छ । अचम्मको कुरा के छ भने आँपको पात पनि तपाईंको स्वास्थ्यका लागि उत्तिकै महत्वपूर्ण हुन्छ।

वैज्ञानिक रूपमा, आँपको पातलाई मङ्गिफेरा इन्डिका भनिन्छ। आँपको पातको एक मात्र प्रयोग थाहा छ, त्यो पनि कुनै पनि चाडपर्व वा शुभ दिनमा। यसबाहेक आँपको पातको प्रयोगको बारेमा हामीलाई धेरै कम जानकारी छ।

**आँपको पोषक तत्व र फाइदाहरु**

१- आँपको पातमा भिटामिन सी, भिटामिन ए र भिटामिन बी जस्ता भिटामिन प्रचुर मात्रामा पाइन्छ।

यसमास्टेरोइड,अल्कालोइड्स, रिबोफ्लेभिन, थायामिन, फेनोलिक, बिटा क्यारोटिन, फ्लेभोनोइड्स जस्ता यौगिकहरू हुन्छन् । आँपको पातमा टेरपेनोइड्स र पोलिफेनोल प्रशस्त मात्रामा पाइन्छ, जसले रोगबाट जोगाउँछ र तपाईंको शरीरमा हुने सूजनसँग लड्छ।

२- आँपको पातको अर्कले फाइन लाइनहरू, बुढ्यौलीका लक्षणहरू र छालाको सुख्खापन कम गर्न सक्छ। यसले कोलाजेन उत्पादनमा पनि मद्दत गर्दछ, जसले अनुहारबाट झुर्रियाँ र फाइन लाइनहरू कम गर्न सक्छ।

३- आँपको पातमा एन्टिब्याक्टेरियल गुण हुन्छ, जसले छालामा हुने संक्रमण र ब्याक्टेरियाले हुने जलनलाई निको पार्न मद्दत गर्छ।

४- आँपको पातले मधुमेहका बिरामीको रगतमा चिनीको मात्रा सन्तुलनमा राख्न मद्दत गर्छ।

ती पातहरूमा एन्थोसायनिडिन नामक ट्यानिन हुन्छ, जसले प्रारम्भिक मधुमेहको उपचारमा मद्दत गर्न सक्छ।

**कसरी प्रयोग गर्ने**

एक कप पानीमा १०-१५ आँपका पातहरू उमाल्नुहोस्। त्यसपछि पानीलाई रातभर चिसो गर्न छोड्नुहोस् र बिहान खाली पेटमा पिउनुहोस्।

आँपको पातको धुलो पित्त र मिर्गौलाको पत्थरीकोउपचारमा प्रयोग गरिन्छ।

यसले मृगौलाको पत्थरीलाई तोड्न र पिसाबको माध्यमबाट शरीरबाट बाहिर निकाल्न मद्दत गर्छ।

**कसरी प्रयोग गर्ने**

केही आँपको पात लिनुहोस् र सुकाउनुहोस् । यसकोपाउडरबनाउनुहोस् र पानीमा मिसाउनुहोस् । पानीलाई रातभर राख्नुहोस् र हरेक बिहान खाली पेटमा पिउनुहोस्।

आँपको पातले शरीरमा जम्मा भएको बोसोको स्तर घटाएर मोटोपना कम गर्न मद्दत गर्ने अध्ययनले देखाएको छ। कसरी सेवन गर्ने - १५० मिलिलिटर पानीमा एक मुठ्ठी पात उमालेर आँपको पातको चिया बनाउनुहोस्।

यदि ताजा पातहरू सजिलै उपलब्ध छैन भने, तपाईं आँपको पातको पाउडर वा अर्क प्रयोग गर्न सक्नुहुन्छ।



**झराली प्रथाबाट काम गर्दै स्थानीयवासीः**
दाङको घोराही उप-महानगरपालिका-१७ स्थित क्वाडी र गैरागाउँका किसान खेतीपातीका लागि क्वाडी कुलो सफा गर्दै । ग्रामीण भेगमा अझै पनि प्रत्येक घरधुरीबाट एक/एक जना सहभागी भएर सामूहिक रूपमा काम गर्ने 'झराली' प्रथा जीवित रहेको छ। तस्विरः रासस

# करोडौँका खानेपानी योजना अलपत्र



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा करोडौँ मूल्य लगानी भएका खानेपानी योजनाहरु अलपत्र परेका छन् । संघीय सरकारबाट आर्थिक वर्ष २०७५/०७६ पछिका वर्षमा प्रदेश सरकारलाई हस्तान्तरित करोडौँ मूल्य लगानी भएका ६ दर्जनभन्दा बढी योजनाहरु अलपत्र परेका हुन् ।

संघीय सरकारबाट पछिल्लो ७ वर्षको अवधिमा गण्डकी प्रदेश सरकारलाई झण्डै एक सय ५९ खानेपानीका योजना हस्तान्तरण भएका छन् । हस्तान्तरित योजनामध्ये ८६ करोड २० लाखमा ८५ वटा योजना निर्माण सम्पन्न भएका छन् भने ७४ वटा योजनाहरु अलपत्र परेका छन् । अलपत्र परेका योजना बनाउन ७४ करोड ५२ लाख बजेट अपुग भएको छ ।

संघ सरकारले योजना हस्तान्तरण गर्दै जाने, तर प्रदेश सरकारसँग आवश्यक बजेट नहुँदा योजनाहरु अलपत्र पर्दै गएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले जनाएको छ । संघले हस्तान्तरण गरेका कुल योजनामध्ये ८६ वटा बनिसक्दा ७४ वटा योजना बजेट अभावकै कारण समयमै बन्न नसकेको हो । अलपत्र परेका कतिपय योजना खडहरमा परिणत हुँदै गएका छन् ।

'संघीय सरकारबाट हस्तान्तरित १५९ योजनामध्ये ८६ करोड २० लाखको लागतमा ८५ वटा योजना निर्माण गरेका छौं,' डिभिजन कार्यालय प्रमुख किरण पौडेलले भने-'७४ करोड ५२ लाख बजेट आवश्यक पर्ने बाँकी ७४ वटा योजना निर्माण गर्न बजेट अभाव भएकै कारण निर्माण कार्य रोकिएको छ ।' निर्माण रोकिएको ७४ योजना बजेट अभावकै कारण समयमै बन्न नसकेको इन्जिनियर पौडेलले बताए ।

बजेट अभावमा खानेपानीका ७४ योजना अलपत्र पर्दा लक्षित समुदायका १९ हजार बढी नागरिक स्वच्छ खानेपानीबाट वञ्चित हुँदै आएका छन् । खानेपानीका योजना निर्माणमा स्याङ्जा र कास्की हेर्दै आएको डिभिजन कार्यालले अलपत्र परेका योजनामध्ये स्याङ्जामा ५२ र कास्कीतर्फ २२ वटा योजनाहरु अलपत्र रहेको जानकारी दिएको छ ।

शसर्तका क्रमागत योजनामा श्रोत सुनिश्चित नहुँदा अलपत्र परेका हुन् । अधिकांश योजनाहरु निर्माणकै चरणमा रहे पनि चालु आर्थिक वर्ष २०८२/८३ मा बजेट विनियोजन नहुँदा अलपत्र पर्दै गएको डिभिजन कार्यालय सूचना अधिकारी इञ्जिनियर कमल बरालले बताए । योजना अलपत्र हुँदा 'एक घर, एक धारा' अवधारण कार्यान्वयन प्रभावित बनेको इञ्जिनियर बरालको भनाइ छ ।

अलपत्र परेका योजनामध्ये झण्डै १२ वटा योजनाको ९० प्रतिशत काम सकिएको छ । करिब ३२ वटा योजनाहरु ५०/६० प्रतिशत निर्माण सकिएको डिभिजन कार्यालयले जनाएको छ । झण्डै ३० वटा योजना खडहरमा परिणत हुँदै गएको छ । पुराना योजना सम्पन्न गर्नेतर्फ आउँदो वर्ष बजेट विनियोजन नभए राज्यले गरेको करोडौंको लगानी 'बालुवामा पानी' हुनेछ ।

प्रदेश सरकारबाट खानेपानीका मझौला तथा साना योजनाहरु निर्माण गरिँदै आएको छ । ठूला लागतका योजना संघले बनाउनुपर्नेमा प्रदेशको दायित्वमा हस्तान्तरण गर्दै जाँदा योजना अलपत्र परेको उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । हस्तान्तरण गरेर मात्रै हुँदैनु, प्रदेशको क्षमताभन्दा ठूला योजना संघले बनाउनुपर्नेमा मन्त्रालयले जोड दिएको छ । निर्माणाधिन योजना सम्पन्न नगर्ने र जथाभावि योजना थप्ने परम्पराले समस्या बढ्दै गएको मन्त्रालयको जिकिर छ ।

जिल्लाका ११ स्थानीय तहमध्ये चापाकोट नगरपालिकामा १८, वालिङ नगरपालिकामा ७, पुतलीबजार नगरपालिकामा ६, गल्याङ् नगरपालिकामा ५, भीरकोट नगरपालिकमा चार गरी ४० वटा र कालीगण्डकी गाउँपालिकामा ५ अर्जुनचौपारी, हरिनाश, आँधीखोलामा दुई/दुई तथा फेदीखोलामा एक गरी १२ समेत ७४ योजना अलपत्र परेका हुन् ।

त्यसैबिच बिरुवा गाउँपालिकामा भने अलपत्रमा परेका योजना नरहेको डिभिजन कार्यालयले जनाएको छ ।

प्रदेश सरकारअन्तर्गत झण्डै दुई सयभन्दा बढी खानेपानीका योजना सञ्चालनमा रहेको जनाउँदै कार्यालयले पछिल्लो ७ वर्षको अवधिमा 'एक घर, एक धारा' अभियानमा २८ हजार बढी खानेपानीका धारा जडान गरेको जानकारी दिएको छ । लक्षित योजना सम्पन्न भए चालु वर्षमा थप करिब तीन हजार खानेपानीका धारा जडान गर्ने कार्यालयको योजजना रहेको छ ।

# धौलागिरि र ढोरपाटनमा चिरकालिजको सर्वेक्षण



म्याग्दी । म्याग्दीको धौलागिरि गाउँपालिका र बागलुङको ढोरपाटन नगरपालिका क्षेत्रमा दुर्लभ पन्छी चिरकालिजको सर्वेक्षण गरिएको छ ।

नेपाल पन्छीविद् सङ्घको प्राविधिक टोलीले धौलागिरि गाउँपालिका-१ गुर्जा, ४ बगर र ढोरपाटन नगरपालिकाको बुर्तीवाङ घुसाखानीमा चिरकालिजको स्थलगत सर्वेक्षणका साथै समुदायस्तरमा संरक्षणसम्बन्धी सचेतनामूलक कार्यक्रम गरेको थियो । सङ्घका अध्यक्ष हथन चौधरी, उपाध्यक्ष मनशान्ता घिमिरे, कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौडेल, अनुसन्धान अधिकृत विराटराज रजक र सदस्य केशव चोखालको टोलीले स्थानीय समुदायको सहयोगमा बगरदेखि घुसाखानीसम्म सर्वेक्षणको काम गरेको थियो ।

दातृ निकाय टोलेडोजुको सहयोगमा डिभिजन वन कार्यालय म्याग्दी, बागलुङ र ढोरपाटन शिकार आरक्षसँगको समन्वयमा चिरकालिजको सर्वेक्षण गरिएको कार्यकारी निर्देशक पौडेलले बताए । चिरकालिजको प्रजनन हुने याम पारेर वासस्थान नजिकैको बगर, गुर्जा र घुसाखानीमा चिरकालिजको सर्वेक्षण गरिएको थियो । चिरकालिजको अनुमानित संख्यासहितको प्रतिवेदन चाँडै सार्वजनिक गरिने कार्यकारी निर्देशक पौडेलले बताए ।

सर्वेक्षकले चिरकालिजको आवाज सुनेर बसोबास रहेको पुष्टि र अनुमानित संख्या पहिचान गर्ने गर्छन् । यसअघि धौलागिरि गाउँपालिका-३ दर र वडा नं. ४ मुदीमा चिरकालिजको बासस्थान रहेको भेटिएको थियो । अध्ययनमा सहभागी विराट रजकका अनुसार मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका थिए ।

चोरीशिकारी, अनियन्त्रित डढेलो र जलवायु परिवर्तन चिरकालिज संरक्षणका लागि चुनौतीपूर्ण मानिएको छ । चोरीशिकारी बाहेक गुडबाट अण्डा टिप्ने, पासो थाप्ने, चल्ला छोपेर घरमा ल्याएर पाल्न खोज्ने, अण्डा पार्ने, कोरल्ने र चल्ला निकाल्ने समयमा हुने डढेलोका कारण चिरकालिज लोप हुने अवस्थामा छ ।

सङ्घले पछिल्लो छ वर्षयता दातृ निकाय 'टुलेडोजु'को सहयोगमा म्याग्दीको धौलागिरि गाउँपालिकाको साथै मुस्ताङको घाँसा क्षेत्रको कालीगण्डकी बेसिनमा चिरकालिजको संख्या पहिचानका लागि अध्ययन र संरक्षणको कार्य गर्दै आएको छ । कालीगण्डकी बेसिनमा हालै भएको अध्ययनका क्रममा १८ जोडी चिरकालिज भेटिएका थिए । धौलागिरि ढोरपाटनपछि सर्वेक्षण टोली मुस्ताङ पुगेको छ । समुद्री सतहदेखि एक हजार ४०० मिटरदेखि तीन हजार ६०० मिटरसम्मको उचाइमा चिरकालिज पाइने गर्छ ।

सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन । यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि धेरै भिन्नता हुन्छ । बैशाख, जेठ र असार चिरकालिजले अण्डा पार्ने, कोरल्ने र चल्ला निकाल्ने समय हो । चिरकालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ ।

भिरमा नै बासस्थान बनाउने यो पन्छीले एकपटकमा सातदेखि १५ वटासम्म फुल पार्छ । अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वतसँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम चिरकालिजको बासस्थान हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ मा यसलाई लोपोन्मुख पन्छीको रूपमा सूचीकृत गरेको छ ।

## सुकुम्वासीमाथि...

उनले भनिन्-'यो विषयमा अस्ति बोलेका कुरा पनि रेकर्डबाट हटाइयोस् भनेर मैले ध्यानाकर्षण गर्दा हजुरले पनि यो कुरामा केही नभनिएको र हरेक पटक हरेक दललाई प्रतिस्पर्धा र अमानवीय व्यवहार बोल्ने शिष्टताका कुराहरू तपाईंले सिकाइरहनुभएको छ, उहाँहरूले बोलेका शिष्टता के हो ? यहाँ कुनै वादविवाद गर्न आएका होइनौं ।' उनले सदनमा 'पुराना दलले केही गरेनन्', 'सदन गनायो' जस्ता शब्द प्रयोग गरिएको उल्लेख गरिएको भन्दै तत्काल संसद्को रेकर्डबाट हटाउन माग गरिन् । विपक्षी दलका सांसदहरूले बोलेका शब्दमा सभामुखले तत्काल ध्यानाकर्षण गर्ने गरेको, तर सत्तापक्षका सांसदहरूको अभिव्यक्तिमा त्यस्तो ध्यान नदिएको भन्दै उनले आपत्ति जनाइन् ।

बैठकमा सांसद ज्ञानु पौडेलले प्रत्येक नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक अधिकारको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिइन् । उनले देशभर स्वास्थ्य सेवाको पहुँच र सहज उपलब्धता अझै सुनिश्चित हुन नसकेको बताउँदै रुपन्देहीस्थित ९३ वर्ष पुरानो भीम अस्पतालमा अत्यावश्यक स्वास्थ्य सामग्रीको अभाव रहेको उल्लेख गरिन् । "अस्पतालमा एन्टी-रेबिज खोप, सर्पदंश उपचारका लागि आवश्यक औषधि तथा जीवनरक्षक औषधिको अभाव छ । तत्काल व्यवस्थापन गर्न सरकारसँग आग्रह गर्दछु ।"-पौडेलले भनिन् ।

त्यसैगरी, सांसद खड्कबहादुर बुढाले प्राकृतिक प्रकोपबाट प्रभावित तथा वास्तविक सुकुम्वासीको समयमै व्यवस्थापन गर्नुपर्ने बताए । उनले प्राकृतिक विपद्बाट क्षति पुगेका सडक, खानेपानी तथा अन्य पूर्वाधार आयोजनाको पुनःस्थापना कार्य शीघ्र अघि बढाउन माग गरे ।

सांसद डा.अर्जुनकुमार कार्कीले इबोला भाइरस सङ्क्रमणको जोखिमप्रति सरकार गम्भीर हुनुपर्ने आवश्यकता औंल्याएका छन् । उनले विश्व स्वास्थ्य सङ्गठन(डब्लुएचओ) ले इबोला सङ्क्रमणलाई गम्भीर स्वास्थ्य जोखिमका रूपमा लिएको उल्लेख गर्दै अफ्रिकी मुलुकमा कार्यरत नेपाली नागरिकका कारण नेपाल पनि जोखिममा पर्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन आग्रह गरे ।

सांसद मदनकृष्ण श्रेष्ठले अति अपाङ्गता भएका व्यक्तिको संरक्षण र हेरचाहका लागि राज्यले विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याए । सांसद समिना मियाँले बकर इदका अवसरमा तय गरिएका परीक्षाहरू स्थगित गरी वैकल्पिक व्यवस्था गर्न आग्रह गरिन् । उनले देशको विविधता र सांस्कृतिक संवेदनशीलतालाई सम्मान गर्नुपर्ने धारणा राखिन् ।

यसैगरी सांसद यशोधाकुमारी बरालले हुम्ला जिल्लाको चंखेली गाउँपालिका-५ मा आएको भीषण बाढीका कारण ठूलो क्षति पुगेको भन्दै प्रभावित नागरिकका लागि तत्काल राहतको व्यवस्था गर्न माग गरिन् ।

सांसद रमेश सापकोटाले पनि हुम्लामा आएको असामान्य बाढीका कारण ठूलो क्षति पुगेको, तर सडक पहुँचको अभावमा राहत सामग्री प्रभावित क्षेत्रमा पुग्न नसकेको बताए ।

उनले तत्काल बजेट विनियोजन गरी राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आग्रह गर्दै विपद् व्यवस्थापनका लागि दीर्घकालीन संयन्त्र निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए ।

आकस्मिक समयमा सांसदहरूले उठाएका विषयहरू मुख्यतः स्वास्थ्य सेवा सुदृढीकरण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा नागरिकको आधारभूत अधिकार सुनिश्चितमा जोड दिए ।

## गगन...

पूर्व संस्थापन समूहमा रहेका यादवले तत्कालीन महामन्त्री थापाले चुनावअघि हुने गरी महाधिवेशनको कार्यतालिका ल्याउँदा त्यसको काउन्टर हुने गरी चुनावपछिको कार्यतालिका ल्याएका थिए । विशेष महाधिवेशनको विपक्षमा रहेका यादवलाई सभापति थापाले चुनावी टिकट दिएका थिए ।

पूर्व सभापति शेरबहादुर देउवा र नेता डा.शेखर कोइराला निकटका १९ जनालाई केन्द्रीय सदस्यमा सभापति थापाले मनोनित गर्दा यादव पनि परेका थिए । कांग्रेसको एउटा पक्षले क्रियाशील सदस्यता अद्यावधिक गर्न अस्विकार गरिरहेको बेला पूर्व संस्थापनका नेताले भने-'कृयाशिल सदस्यता अधावधिक गर्न अब सबै जुटेर लागौं । पुरै मधेस प्रदेश एक ढिक्का भएर यो अभियानमा लागौं ।'

## रुपन्देहीमा...

कार्यक्रमलाई नेपाल सरकार र स्विजरल्याण्ड सरकारबीचको द्विपक्षीय सम्झौताअन्तर्गत सञ्चालित दिगो तथा सम्मानित रोजगारका लागि सीप परियोजना (इन्स्योर दोस्रो चरण) को आर्थिक सहयोग तथा प्रदेशको सामाजिक विकास मन्त्रालयको समन्वय रहेको तिमिल्सिनाले बताए ।

कार्यक्रममार्फत उद्योग, तालिम प्रदायक संस्था, प्राविधिक शिक्षालय, सरकारी निकाय र प्रशिक्षार्थीबिच सहकार्य तथा समन्वय बढाउने, दक्ष जनशक्ति उत्पादन गर्ने र स्वदेशमै सम्मानित रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको रुपन्देही उद्योग संघका महासचिव सुमन बस्यालले बताए । कार्यक्रममा कम्तीमा ५ सय युवाले वृत्ति परामर्श सेवा, प्राविधिक शिक्षा तथा रोजगारीसम्बन्धी जानकारी प्राप्त गर्ने बस्यालले बताए ।

आयोजक रुपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादव भण्डारीका अनुसार कार्यक्रममा करिब १ हजार विद्यार्थी तथा युवाको सहभागिता रहने अपेक्षा गरिएको छ । कार्यक्रमबाट युवामा सीपमूलक शिक्षाप्रति सकारात्मक धारणा विकास हुने, उद्योग क्षेत्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादनमा सहयोग पुग्ने तथा उद्योग, शिक्षालय र सरकारबिच सहकार्य अझ मजबुत हुने विश्वास गरिएको छ ।

**भूमि प्रशासन कार्यालय भैरहवाबाट जारी भएको फुकुवा सम्बन्धी हकदावी सम्बन्धी ३५ दिने सूचना**

**सुचना । सुचना ।। सुचना ।।।**

प्रकाशित मिति २०८३/०२/०७

यसमा जिल्ला रुपन्देही सियारी गा.पा.वडा नं. ७ बस्ने महेश मल्लाह र सरस्वती मल्लहले हाम्रो बाबु / ससुरा शिवधारी मल्लाहको मिति २०७२/०३/१२ गते तथा निजको एकमात्र पनि बहती मल्लाहको मिति २०३५ साल अगावै मृत्यु भएको निजहरुबाट तीन छोराको जन्म भएकोमा निजहरुबाट एक छोरी विवाहित तीन छोरा अंगद मल्लाह, लाल सहेव मल्लाह, महेश मल्लाह,भएकोमा जेठो छोरा अंगद मल्लाहको मिति २०६३/११/२४ गते मृत्यु भएको तथा अंगद मल्लाहको एकमात्र पत्नी चिरैती मल्लाह मिति २०५९ सालदेखि बेपत्ता रहेको निजहरुबाट कुनै पनि सन्तानको जन्म नभएको, माईलो छोरा लालसाहेव मल्लाहको मिति २०६०/०४/१५ गते मृत्यु भएको भै सकेको छ लालसहेव मल्लाहको हक अंश खाने निजको एकमात्र पनि सरस्वती मल्लाहमात्र भएको माथि उल्लेखित मृतकहरु जिवित रहे सम्म सेवा टहल औषधी उपचार तथा मृत्यु पश्चात समकाजिक परम्परा अनुसार दाह संस्कार निवेदक महेश मल्लाह र सरस्वती मल्लाहले नै गरेका हुन, हकअंश खाने निज निवेदकहरु बाहेक अरुकोही नभएकोले शिवधारी मल्लाहको नाममा दर्ता कायम रहेको साविक आ. अमवा वडा नं. ५ क कि.नं.३२९ र ३३३ ज.वि.०-१४-५,०-१०- ५ जग्गा हाम्रो नाममा नामसारी गरी पाउँ भनि सियारी गा.पा. वडा नं. ७ को च.नं. १८१३ मिति २०८३/०१/०३ गतेको सिफारी समेत समलग्न रखि माग निवेदन पेशगरेकोमा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफैं वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ । म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ ।

**इति सम्बत् २०८३ साल २ महिना ६ गते रोज ४ शुभम् ।**

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# व्यापार संघमा मनाइयो विश्व नापतौल दिवस




बुटवल । यस वर्षको विश्व नापतौल दिवस रुपन्देही व्यापार संघमा विशेष कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

गुणस्तर तथा नापतौल कार्यालय बुटवलको समन्वय र सहकार्यमा संघको सचिवालयमा मे २० को अवसर पारी विभिन्न क्षेत्रका व्यवसायीहरुसँग व्यावसायिक अन्तर्क्रिया गरेर विश्व नापतौल दिवस मनाइएको हो । कार्यक्रममा सहजीकरण गर्दै गुणस्तर तथा नापतौल कार्यालय बुटवलका कार्यालय प्रमुख तिलक के.सी.ले नापतौल हाम्रो दैनिक जीवनदेखि उद्योग, व्यापार, स्वास्थ्य, विज्ञान र प्रविधिसम्म अत्यन्त आवश्यक रहेको बताए । उनले सही मापन नभएमा व्यापारमा ठगी हुने, औषधिको मात्रा गलत हुन सक्ने, निर्माण कार्यमा समस्या आउने तथा वैज्ञानिक अनुसन्धानमा समेत त्रुटि आउन सक्ने बताउँदै विश्वभर नै एउटै मापन प्रणाली प्रयोग होस् भनेर यो दिवसले सचेतना फैलाउने गरेको जनाए ।

कार्यक्रममा रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले सही नापतौल नै निष्पक्ष व्यापार र वैज्ञानिक विकासको आधार भएको बताएका थिए । कार्यक्रममा रुपन्देही व्यापार संघमा आबद्ध सुनचाँदी, भाँडा प्लाष्टिक, ग्यास, मासु, हार्डवेयर, खुद्रा ताथ किरानालगायतका सम्बन्धित विषयका व्यावसायीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रम रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता, गुणस्तर तथा नापतौल कार्यालाय बुटवलका कार्यालय प्रमुख तिलक के.सि.को प्रमुख आतिथ्यता, संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको स्वागत तथा गुणस्तर तथा नापतौल कार्यालय बुटवलका सहायक निरीक्षक रमेश पाण्डेको संचालनमा सम्पन्न भएको थियो ।

यो दिवस सन् १८७५ मा १७ वटा देशले फ्रान्सको पेरिसमा गरेको मेटर कन्भेन्सनको सम्झनामा मनाउने गरिएको पाइन्छ भने यसले विश्वभर एउटै मापन प्रणाली प्रयोग गर्ने आधार तयार गरेको थियो ।

रूपन्देही सुपरलिगः

# नेपथ्य तिलोत्तमासँग पराजित हुँदा बुद्ध 'बी' डिभिजनमा घटुवा

भैरहवा । भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग'मा लिग चरणका खेलहरु सकिएका छन् । लिग चरणको 'ए' डिभिजनको अन्तिम खेलमा पराजित हुँदै बुद्ध क्रिकेट क्लब 'बी' डिभिजनमा घटुवा भएको छ । बुधबार नेपथ्य तिलोत्तमा क्रिकेट क्लबले बुद्धलाई १ सय १० रनले पराजित गर्दै जित निकालेको छ । हारसँगै बुद्ध रेलिगेशनमा परेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको नेपथ्य तिलोत्तमाले निर्धारित ५० ओभरको खेलमा ४८ ओभर १ बल खेल्दै सबै विकेट गुमाएर २ सय १७ रन बनायो । उसका लागि प्रतीक भट्टराईले ६२, लक्ष्मण कुमालले ३२, अमन बोहराले २७, मौसम ढकालले २३, कुशल ढकालले १८ र रोशन घिमिरेले ११ रनको योगदान गरे । बलिङमा बुद्धका दिलसाद अली र अमित अग्रहरीले ३-३ तथा हरिकेश मुराउले २ र गौतम केसीले १ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको बुद्धले २१ ओभर १ बलमा अलआउट हुँदै १ सय ७ रन मात्रै बनायो । उसलाई सस्तैमा रोक्न बलिङमा नेपथ्य तिलोत्तमाका लक्ष्मण कुमालले ४, सन्दीप यादव र आशुतोष पाण्डेले समान २-२ तथा प्रतीक भट्टराई र रोशन घिमिरेले १-१ विकेट लिए । बुद्धका अजय त्रिपाठीले ३६, प्रवेज अन्सारीले २०, हरिकेश मुराउले १२ र अमित अग्रहरिले १० रन बनाए । खेलमा लक्ष्मण कुमाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट व्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले जानकारी दिए ।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग बाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन् ।

# 'देशभरका निर्माण कार्यहरू ठप्प हुने स्थितिमा'

बुटवल । नेपाल निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीमा भएको अत्याधिक मूल्यवृद्धिका कारण देशभरका निर्माण कार्यहरू ठप्प हुने स्थितिमा पुगेको भन्दै तत्काल समस्या समाधानका लागि सरकारसँग माग गरेको छ । पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलसँगको छलफलमा महासंघका पदाधिकारीहरूले सार्वजनिक खरिद ऐनका जटिलता र व्यावहारिक समस्याहरूबारे ध्यानाकर्षण गराएका हुन् ।

छलफलमा नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष निकोलस पाण्डेले सार्वजनिक खरिद ऐनको दफा ५५ (१) मा अप्रत्याशित मूल्य वृद्धि भएमा समायोजन गर्ने स्पष्ट व्यवस्था भए पनि कर्मचारीहरूले त्यसलाई कार्यान्वयन गर्न नचाहेको बताए । उनले भने-'सार्वजनिक खरिद अनुगमन कार्यालय (पीपीएमओ) ले बनाएको डकुमेन्टमा मूल्य समायोजन दिनुपर्ने उल्लेख छ, तर कर्मचारीहरूले पुराना ठेक्कामा लागु नहुने गरी सम्झौतामा लेखेर व्यवसायीलाई मर्कामा पारेका छन् । अख्तियार वा बेरुजुको डरले कर्मचारीले निर्णय गर्न नसकेकाले अब मन्त्रिपरिषद्बाटै 'बाधा अड्काउ फुकाउ' मार्फत् ठोस निर्णय आउनुपर्छ । नेपालमा दक्ष कामदार नहुँदा भारत र बंगलादेशबाट ल्याउनुपर्ने बाध्यता छ ।' शाहीले ढुङ्गा, गिटी र बालुवा जस्ता सामग्रीहरू स्थानीय तहको अवरोधका कारण कालोबजारबाट महँगोमा किन्नुपरेको र यसले आयोजनाको लागत अस्वाभाविक रूपमा बढाएको गुनासो गरे ।

महासंघका महासचिव शिवहरी घिमिरेले जिल्ला दररेट निर्धारण प्रक्रिया नै त्रुटिपूर्ण रहेको औँल्याए । सीडीओको अध्यक्षतामा बस्ने समितिले असार मसान्तमा रेट तोक्ने र त्यो रेटले वर्षभरिको बजार मूल्यलाई नसमेट्ने उनको तर्क थियो । 'नियममा १० प्रतिशतभन्दा बढी मूल्य बढेमा बीचैमा पनि दररेट पुनरावलोकन गर्न सकिने भनिएको छ, तर कुनै पनि जिल्लाले यसलाई पालना गरेका छैनन् ।'-घिमिरेले भने ।

महासंघका प्रवक्ता मंगलबहादुर शाहीले निर्माण क्षेत्रमा देखिएको दक्ष जनशक्ति र कच्चा पदार्थको अभाव रहेको तर्क गरे । अहिले ३१ हजारभन्दा बढी साना ठेक्काहरू जोखिममा छन् । ३१ हजार १४२ ठेक्का असार मसान्तभित्र सक्नुपर्ने रहेको उनले जानकारी दिए । तर महँगी बढेका कारण ती ठेक्का अलपत्र पर्ने उनले बताए । 'ढिला ठेक्का आह्वान गर्ने प्रवृत्तिले यो समस्या भएको हो अबदेखि असोज महिनाभित्र ठेक्का निकाल्ने व्यवस्था गर्नुपर्यो र सबै ठेक्कामा स्वचालित मूल्य प्रणाली राख्नु पर्यो ।'-उनले भने ।

व्यवसायीका समस्या सुनिसकेपछि पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले पूँजीगत खर्च २५-२६ प्रतिशतमा खुम्चिनु इतिहासकै चिन्ताजनक अवस्था भएको बताए । उनले निर्माण क्षेत्रको समस्या समाधान नभई देशको विकास सम्भव नभएको स्वीकार गरे । साथै सभापति गजुरेलले निर्माण व्यवसायमा देखिएका अड्चनहरूलाई समाधान गर्न आफूहरू प्रतिबद्ध रहेको बताए ।

निर्माण सामग्रीको अभाव र अस्वभाविक मूल्यवृद्धिका कारण विकास निर्माणका कामहरू प्रभावित भइरहेका बेला सभापति गजुरेलले यसको समाधान गर्ने जिम्मेवारी आफ्नै भएको स्पष्ट पारे । 'हामीलाई समस्याको बारेमा जानकारी छ, अब यसको समाधान हुनुपर्छ र हामी गर्छौं,' उनले भने-'समाधान गर्ने नै हामी हौँ, अरू कसैले आएर गरिदिने होइन ।'

उक्त बैठकमा मूल्यवृद्धि र सामग्रीको अभावबारे विस्तृत छलफल हुने र निकासका लागि महत्त्वपूर्ण निर्णय लिइने उनको भनाइ छ । यसका साथै, निर्माण क्षेत्रलाई व्यवस्थित बनाउन आवश्यक परे ऐन तथा कानुनमा समेत क्रमिक रूपमा सुधार गर्दै लैजाने प्रतिबद्धता उनले व्यक्त गरे । 'अहिलेको मुख्य चुनौती सामग्रीको मूल्यवृद्धि र अभाव हो, यसमा हामी गम्भीर छौँ । बाँकी रहेका अन्य विषयमा पनि हामी निरन्तर छलफलमा रहनेछौँ ।'- गजुरेलले भने ।

# स्थानीय र प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान कटौती

बुटवल । संघीय सरकारले चालु आर्थिक वर्ष २०८२/८३ मा समेत ८.५५ प्रतिशत बराबर वित्तीय समानीकरण अनुदान कटौती गर्ने भएको छ । अर्थ मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयलाई ४ जेठमा पत्र लेख्दै चालु आवको वित्तीय समानीकरण अनुदान कुल विनियोजनको ९१.४५ प्रतिशतमा नबढ्ने गरी मात्र हस्तान्तरण गर्न निर्देशन दिएको हो ।

सोहीअनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई निर्देश गरेको छ । कार्यालयका अनुसार प्रदेश र स्थानीय तहलाई चौथो किस्ता हस्तान्तरण गर्दा सो किस्ताको २१.०२ प्रतिशत र कुल विनियोजनको ९१.४५ प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्ने निर्णय अर्थ मन्त्रालयले गरेको हो ।

अर्थ मन्त्रालयले यसरी वित्तीय समानीकरण अनुदान कटौती गर्दा चैत महिनासम्म उठेको राजस्वलाई आधार मानेको छ । मन्त्रालयले लक्ष्यको ८४.११ प्रतिशत मात्र राजस्व संकलन भएको र सोही अनुपातमा वित्तीय समानीकरण अनुदान कटौती गर्नुपरेको तर्क गरेको छ । उता, स्थानीय तह, प्रदेश सरकार र प्राकृतिक स्रोत तथा वित्त आयोगले भने संसदबाट पारित भइसकेको वित्तीय समानीकरण अनुदान विनियोजनअनुसार नै दिनुपर्ने बताउँदै आएका छन् ।

संघीय सरकारले आर्थिक वर्षको बीचमा विनियोजित अनुदान कटौती गर्दा त्यसले स्थानीय र प्रदेश सरकारको बजेट कार्यान्वयन प्रक्रियामै असर पुग्ने उनीहरूको तर्क छ ।

चालु आवमा सरकारले ७ प्रदेशको हकमा ६० अर्ब ६६ करोड र स्थानीय तहको हकमा ८८ अर्ब ९६ करोड गरी कुल १ खर्ब ४९ अर्ब ६२ लाख बराबर वित्तीय समानीकरण अनुदान विनियोजन गरेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वित्तीय समानीकरण अनुदान सिफारिस गर्दै सरकारलाई विनियोजन अनुदान कटौती नहुने सुनिश्चित गर्न सुझाव दिएको छ ।

आयोगले भनेको छ-'संघीय संसदबाट पारित बजेटमा समावेश भएको संघीय सञ्चित कोषबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान वापतको रकम आर्थिक वर्षको बीचमा कुनै पनि अवस्थामा कट्टा नगरिने सुनिश्चित गरिनुका साथै पछिल्ला वर्षहरुमा बजेटको आकार वृद्धिको अनुपातमा यस्तो अनुदानको कुल परिमाण (सिलिङ) वृद्धि हुने प्रवन्ध गरिनु अत्यावश्यक देखिन्छ ।'

Nepal Red Cross Society
Rupandehi District Chapter
सिद्धार्थनगर - १३, रुपन्देही

## शिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८३।०२।०७**

नेपाल रेडक्रस सोसाइटी,रुपन्देही जिल्ला शाखाद्वारा सञ्चालित शहरी पुर्वतयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन (SUPER) परियोजनामा हुन गइरहेको Snake Rescue Training को लागि आवश्यक सामाग्रीहरू खरीद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्मले सूचना प्रकाशन भएको मितिले ०७ दिन भित्र आफ्नो नवीकरण भएको फर्म दर्ता, मूल्य अभिबृद्धि कर प्रमाणपत्र र आ.ब. २०८१/८२को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी शीलबन्दी कोटेशन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सामग्रीहरुको विवरण :**

- Snake Tong Foldable – 13pcs
- Snake Hook ( Large Size ) – 13pcs
- Snake Hook ( Small Size ) – 13pcs
- Snake Baggers– 13pcs
- Bags (to Keep Rescued Snakes)– 13pcs
- Snake Handling Gloves– 13 Pairs

**शर्तहरुः**

१. प्राप्त कोटेशनहरु कोटेशन पेश गर्ने अन्तिम दिनको भोलि पल्ट दिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सो को भोलि पल्ट खोलिने छ ।
२. कोटेशनदाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्नका लागि बाधा पर्ने छैन ।
३. म्याद नाघी आएको, रित नपुगेको वा शर्त राखी पेश भएको कोटेशनहरु माथि कुनै कारवाही गरिने छैन ।
५. कोटेशनमा दर भाऊ प्रस्ट लेख्नु पर्ने छ ।
६. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखासंग सुरक्षित रहनेछ ।
७. भुक्तानीमा नियमानुसारको अग्रिम कर कट्टी गरी भुक्तानी गरिने छ ।

कोटेशन फाराम प्राप्त तथा बुझाउने स्थानः
नेपाल रेडक्रस सोसाइटी
रूपन्देही जिल्ला शाखा
सिद्धार्थनगर-१३, रूपन्देही
फोन नं.: ०७१-५७५६३२, ९८६७०२३३७३

सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं ।

- राति हिँड्दा टर्च/बत्तीको प्रयोग गरौं ।
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं ।
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं ।
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौ ।
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं ।
- अस्पतालमा सर्पदंश विरुद्धको उपचार उपलब्ध हुन्छ ।

**समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ ।**

नेपाल सरकार विज्ञापन बोर्ड

हार्दिक बधाई लुम्बिनीका सफल रत्नहरूलाई



निर्भिक ज्ञवाली(GPA 4)



आर्जना पाण्डे(GPA 4)

राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गरेको (SEE) २०८२ मा उच्चतम ग्रेड GPA 4 हासिल गर्ने २ जना प्रतिभाशाली विद्यार्थीहरू निर्भिक ज्ञवाली र आर्जना पाण्डे लगायत १० जना A+,१७ जना A र ६ जना B+ सहित शतप्रतिशत नतिजा ल्याउन सफल सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई तथा उज्ज्वल शैक्षिक भविष्यको शुभकामना व्यक्त गर्दछौं । यस उपलब्धिका निम्ति अहोरात्र परिश्रम गर्ने आदरणीय शिक्षकगण, समर्पित कर्मचारीहरू तथा सबै अभिभावकवृन्दमा समेत हार्दिक आभार प्रकट गर्दछौं ।

लालहरि पाण्डे — प्राचार्य
एवं
दयाराम बस्याल — अध्यक्ष (वि.व्य.स.)

लुम्बिनी बोर्डिङ स्कुल परिवार
बुटवल-०३,सहस्रपथ,रुपन्देही, फोन:०७१-५३६०३२, ९८४७०२४७९२

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७ ९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही



विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com